
जहाँ छ मेरो जन्मभूमि, त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए, हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥- कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रबर्द्धनको गुरू



जि.प्र.का.महोत्तरी द.नं. ४३/०७०/७१
जि.महोत्तरी हु.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today Daily

एक कदम अगाडि




बर्ष ११ • अंक ६३ • २०८० पौष १० गते मंगलवार • 26 Dec. 2023 • पृष्ठ ४ • मुल्य रु.५/-

## महोत्तरीको गौशालामा झण्डा स्तम्भको शिलान्यास

**गणेश कुमार सिंह**
**महोत्तरी, ९ पौष**



महोत्तरीको गौशाला वडा नं.११ को श्री नेपाल राष्ट्रिय जनता आधारभूत विद्यालय बहादुरगन्ज ७ मा झण्डा स्तम्भको शिलान्यास भएको छ।

सोही विद्यालयमा अध्यापन गराउदै आई रहेको किशोरी राय यादव सर ज्यूले ६० वर्ष पूरा गरेको अनिवार्य अवकाश पछि विद्यालयको प्राङ्गणमा नेपालको राष्ट्रिय झण्डा स्तम्भ निर्माणको शिलान्यास गर्नुभएको छ। शिलान्यासमा किशोरी राय यादव र उनको श्रीमती पार्वती देवी ले शिलान्यास पुजा बसेर परम्परा अनुसार कर्म निष्ठा पुर्वक पुजा गरेका छन् । आफू ६०वर्ष काम गरेको बापतको सम्झनामा यस विद्यालयलाई झण्डा स्तम्भ निर्माणको सम्पुर्ण खर्च बेहोर्नेगरी सम्पुर्ण जिम्मेवारी झण्डा स्तम्भ निर्माणको शिलान्यास गर्नुभएको छ। त्यसै क्रममा विद्यालय सम्पुर्ण परिवारले किशोरी राय यादव सर लाई हार्दिक आभार प्रकट गरेका छन्। समाजको तर्फबाट सर र सरका परिवारको सुस्वास्थ्यको कामना समेत गरेका छन्।

बांकी पृष्ठ २

## मोतीबाबु पुन: जनकपुरधामबाट पक्राउ, जेलचलान गरिने

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, ९ पौष**



आरती साह मृत्यु प्रकरणमा उनका पति मोतीबाबु साह फेरि पक्राउ परेका छन्। उनलाई धनुषा प्रहरीले करिब ११ जनकपुरधामको सीताचोक स्थित सनुन होटेलबाट पक्राउ गरेको हो।

पक्राउ परेका मोतीबाबुलाई आवश्यक प्रक्रिया पुर्याएर कारागार चलान गर्ने धनुषाका प्रहरी उपरीक्षक (एसपी) मित्रबन्धु शर्माले जानकारी दिए। उच्च अदालतको आदेशमा रिहा भएका उनलाई गत मंसिर २० गते सर्वोच्च अदालतले पुन: पुर्पक्षको लागि थुनामा पठाउने आदेश दिएको थियो । यसअघि १८ असोजमा उच्च अदालत जनकपुरले उनीसहित उनका बुबा मदनमोहनलाई समेत साधारण तारेखमा रिह ।गर्ने फैसला गरेको थियो । जिल्ला अदालत धनुषाको फैसला बदर गर्दै उच्च अदालत जनकपुरले पुर्पक्षका लागि थुनामा रहेका आरतीका पति मोतीबाबु र ससुरा

बांकी पृष्ठ २

## महोत्तरी अदालतको फैसलाको विरूद्ध औरही नगरपालिकामा शान्तिपूर्ण विरोध प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, ९ पौष**




मधेश आन्दोलन ताका महोत्तरीमा हत्या भएका सशस्त्र प्रहरीका असई थमन विकको घटनामा महोत्तरी जिल्ला अदालतले गरेको फैसलाको विरुद्ध औरही नगरपालिकामा शान्तिपूर्ण विरोध प्रदर्शन गरिएको छ। जिल्ला अदालत महोत्तरीले केहि दिन अगाडी विकको हत्यामा संलग्न भएको भन्दै लोकतान्त्रिक समाजवादी पार्टी ९लोसपा० नेपालको मधेश प्रदेशका संसदीय

बांकी पृष्ठ २

## नक्कली श्रम स्वीकृति पाएपछि मुम्बई विमानस्थलबाट दुई महिला सहित ८ जना नेपाली पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**काठमाडौं, ९ पौष**



नक्कली श्रम स्वीकृति बोकेको पाइएपछि भारतमा दुई महिलासहित आठ जना नेपाली नागरिक पक्राउ परेका छन् । उनीहरूलाई मुम्बई अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरिएको हो।

मुम्बई हुँदै कुवेत र यूएई जना लागेका उनीहरूको साथमा रहेको श्रम स्वीकृति नक्कली रहेको अध्यागमनका कर्मचारीहरूले पत्ता लगाएका थिए। पक्राउ पर्ने दुई महिलामा २२ वर्षीया माइली बोमजन र ३२ वर्षीया भगवती डांगी रहेका छन् । उनीहरूलाई शनिबार पक्राउ गरिएको भारतीय सञ्चार माध्यम टाइम्स अफ इन्डियाले जनाएको छ। अध्यागमनका अधिकारीहरूलाई शङ्का लागेर उनीहरूको दस्ताबेज जाँच गरिएको थियो। उनीहरूको साथमा रहेको दस्ताबेजबारे नेपालको श्रम मन्त्रालयसँग बुझ्दा त्यो नक्कली

बांकी पृष्ठ २

जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

रामगोपालपुर नगरपालिकाको कार्यालय,महोत्तरी








जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

लोहारपट्टी नगरपालिकाको कार्यालय,महोत्तरी










# सम्पादकीय ...

## एलपी ग्यासको मूल्यमा एकरूपता ल्याऊ

एलपी ग्याँसको मूल्यमा एकरुपता ल्याउन आवश्यक रहेको देखिन्छ । एलपी ग्याँस अहिले निगमले तोकेको मूल्य भन्दा ठाउँ अनुसार फरक फरक भएकोले उपभोक्ताहरुलाई सास्ती भएको छ । यसको लागि निगमले आफ्नो अधिकारीक पसलहरुमा दर सूची टाँस गर्न लगाउनु पर्ने आवश्यकता रहेको देखिन्छ । नेपाल आयल निगमले एलपी ग्यासको बिक्री मूल्य १८९५ रुपैयाँ प्रति सिलिन्डर तोकेको छ । तर धेरै ठाउँहरुमा सो मूल्य १९२५ र थप ढुवानी खर्च ५० जोडेर १९७५ मा बिक्रि गर्ने गरेको पाइएको छ । यसको लागि बजार अनुगमन तथा दण्डसजायको व्यवस्थालाई कार्यान्वयन गर्न गराउन आवश्यक रहेको देखिन्छ ।

सञ्चारमाध्यम र सामाजिक सञ्जालमा तोकिएको मूल्यभन्दा बढी मूल्यमा बिक्री वितरण भइरहेको समाचार आइरहेको निगमले जनाएको छ । यदि, बिक्रेताहरुले तोकिएको मूल्यभन्दा बढी मूल्यमा एलपी ग्यास बिक्री गरेको पाइएमा कानुन बमोजिम कारबाही गर्ने चेतावनी समेत निगमले दिएको छ ।

निगमले भनेको छ, 'ढुवानी लागत समेत जोडेर ग्यासको लागत मूल्य तोकिएको हुन्छ । ग्यास उद्योगभन्दा ५० किलोमिटर वरपर सोही मूल्य लागु हुन्छ ।'

उद्योगको आसपास समेत तोकिएको मूल्यभन्दा बढी मूल्यमा ग्यास बिक्री गरेको पाइएमा कारबाही गर्ने चेतावनी निगमले दिएको हो ।

एलपी ग्याँस सबैको दैनिक आवश्यकताको बस्तु हो र यसको सहज उपलब्धता देखि यसको मूल्यमा एकरुपता ल्याउन पनि अपरिहार्य रहेको देखिन्छ । अहिले झन जनताको आर्थिक अवस्था दैयनिय रहेको कारण एलपी ग्याँको वितरण बापत थप लिने गरेको ढुवानी खर्च समेत मिनहा गर्नुपर्दछ । यति मात्र होइन निगम अहिले नाफामा भएको कारण उपभोक्तालाई दिन सक्ने छुटलाई अन्य बस्तुहरुमा समेत समाबेश गर्न गराउन आवश्यक रहेको देखिन्छ । एलपी ग्याँसमा बजनमा समेत चुहावत भएको पाइएकोले त्यसको समेत नापतौल तथा गुणस्तर विभागले यसको अनुगमन गरी गलत काम गर्नेलाई दण्डित गर्न आवश्यक रहेको देखिन्छ । अन्त्यमा एलपी ग्याँसको मूल्यमा एकरुपता नै हाम्रो एकरुपता हो ।

### मोतिबाबु .......

मदन मोहन ब्याहुत सुँडीलाई साधारण तारेखमा रिहा गर्न आदेश दिएको थियो । सो आदेशविरुद्धको रिटमा सर्वोच्च अदालतले उच्च अदालतको आदेश आंशिक उल्टाउँदै पति मोतीबाबुलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको थियो । आरती गत जेठ ७ गते जनकपुर धाम उपमहानगरपालिका ९ थापाचोक स्थित आफ्नै घरमा झुण्डेको अवस्थामा मृत भेटिएकी थिइन् । उनलाई परिवारजले उपचारको लागि भन्दै काव्या अस्पताल लगेपछि प्रहरीले थाहा पाएको थियो । माइती पक्षले आरतीको दाइजोको कारण हत्या श्रीमान र ससुराले गरेको आरोप लगाउँदै आएको छ । आरतीको हत्या गरेको भन्दै उनका श्रीमान र ससुरलाई कडा कारबाही गर्न माइती पक्षले लामो समयदेखि आन्दोलन गर्दै आएका छन् । आरतीका आमा, बुवा र बहिनी विगत ६ महिनादेखि काठमाडौंमा धर्ना बसेका छन् ।

### नक्कली .......

रहेको पुष्टि भएको साहर प्रहरी थानाका एक अधिकारीले बताएका छन् । ती अधिकारीका अनुसार मन्त्रालयले ईमेलमार्फत ती दस्ताबेज नक्कली रहेको जवाफ पठाएको थियो । 'माइलीले दलाललाई कुवेतमा रोजगारीका लागि १० हजार र भगवतीले उमेश नाम गरेका दलाललाई २ लाख २० हजार रुपैयाँ बुझाएकी रहिछन्,' ती अधिकारीले भने ।

त्यस्तै, नक्कली श्रम स्वीकृतिसहित गत डिसेम्बर २० मा मुम्बई विमानस्थलबाट ६ जना नेपाली पक्राउ परेका थिए । पक्राउ पर्नेमा ३० वर्षीय राजकुमार तामाङ, १९ वर्षीय रुपल खड्का, २० वर्षीय अरुण खड्का, १९ वर्षीय करण बोहरा, २० वर्षीय सुजन बोहरा र २८ वर्षीय दीपेश लामिछाने रहेका छन् । उनीहरूको श्रम स्वीकृतिमा नाम र मिति गल्ती पाइएपछि पुनः जाँच गर्दा नक्कली पाइएको प्रहरीको भनाई छ । प्रहरीका अनुसार उनीहरू दलाललाई १५ लाख बुझाएर वैदेशिक रोजगारीका लागि यूएई जान लागेका थिए । आठ जनालाई भारतीय पेनल कोडको फरक-फरक धारामा ठगीको मामिलामा मुद्दा चलाइएको प्रहरीले जनाएको छ ।

### महोत्तरी .......

दलका नेता तथा पूर्व सामाजिक विकास राज्यमन्त्री अभिराम शर्मा सहित सात जनालाई जन्मकैदको सजाय सुनाएपछि पार्टीका नेता तथा कार्यकर्ताहरुले प्रदर्शन गरेका हुन् ।

२०७२ सालको मधेश आन्दोलनको कममा मारिएका शसस्त्र प्रहरी असई थमन वि.क.को हत्या अभियोगमा लोसपाका महासचिव तथा पुर्व राज्यमन्त्री एवं संसदिय दलका नेता अभिराम शर्मा सहितका ७ जनालाई अदालतले दिएको जन्मकैदको सजाय मधेशीको विरुद्ध अदालतको अन्यायपुर्ण फैसला भएको भन्दै विरोध प्रदर्शनलाई निरन्तरता दिइएको छ । आईतवार औरही नगरपालिका २ औरही स्थित रहेको पार्टी कार्यालयबाट निकालिएको बिरोध र्याली औरही नगरपालिका १ औरही बजार सम्म परिक्रमा गरि विरोध प्रदर्शन गर्दै लोसपा महोत्तरीले आन्दोलन अझै नरोकिएको बताएको छ । क्रमिक रुपमा महोत्तरीको विभिन्न स्थानमा विरोध प्रदर्शन गरि जनताको साथ र सहयोग मांग्ने भन्दै लोसपाले विरोध कार्यक्रमलाई निरन्तरता दिएको हो । राजनितिक मुद्दालाई मधेशबाट मधेशी दललाई समाप्त पार्न सरकारको सुनियोजित प्लानिंगको अनुसार अदालतको सो फैसला आएको प्रति आफुहरुको विरोध प्रदर्शन जारी रहेको लोसपाका युवा बिधार्थी नेता ज्ञानु झाले बताए ।

प्रदेश सांसद रमिता प्रधानको उपस्थितिमा औरहीमा भएको विरोध प्रदर्शनमा औरही नगरपालिका नगर प्रमुख सहित लोसपा नेताहरु शुशील राउत र जिल्ला अध्यक्ष रामबाबु साह सहितका दर्जनौ नेताहरु सहभागि थिए ।

औरही नगरपालिका लोसपा पार्टीका नगर संयोजक दरेश यादवको अध्यक्षतामा सम्पन्न भएको हो।अदालतको आदेश पश्चात जन्मकैद सजाय फैसला सुनाइएका नेताहरु सार्वजनिक स्थलमा देखिएका छैनन् । लोसपाबाट संसदिय दलका नेता समेत रहेका पूर्व राज्यमन्त्री अभिराम शर्माले आफुहरुले आत्मसमर्पण नगर्ने भन्दै विज्ञप्ती नै जारी गरेका छन । शर्माले अदालतको फैसला न्यायपुर्ण नभएको भन्दै आत्मसमर्पण नगर्ने बताएका हुन् ।


### महोत्तरीको .......


सो शिलान्यास कार्यक्रममा विद्यालयको प्रधानाध्यापक, शिक्षक ,विद्यार्थी ,विद्यालय व्यवस्थापन समिति ,समाजका जनता र युवाहरु उपस्थिथि रहेको थियो ।


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





एकडारा गाउँपालिकाको कार्यालय,महोत्तरी

ADMISSION OPEN !
FROM CLASS PG TO ABOVE



GYAN GANGA INTERNATIONAL PUBLIC SCHOOL
JANAKPURDHAM-12,AIRPORT ROAD
CONTACT : 9824877627/9844027971


### तपाईको टुडे

- मेष: मनमा चिन्ता बढने
- वृष: प्रशन्नता बढने
- मिथुन: व्यापारमा लाभ
- कर्कट: खर्चमा कमी
- सिंह: साथीसँ ग भेटघाट
- कन्या: भ्रमणको योग
- तुला: परिवारिक सुख मिल्ने
- वृश्चिक: आफन्तसँ ग भेट
- धनु: पढाईमा रुचि बढने
- मकर: रोगले सताउने
- कूम्भ: लाभ हुने
- मीन: कष्ट बढने


### मधेश प्रदेशको गौरव



श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# पशिचमले सर्बियालाई 'अस्थिर' बनाउने प्रयास गरिरहेको छ- रुस

एजेन्सी
मस्को, ९ पौष



रुसले सोमबार मस्को-मैत्री बाल्कन मुलुक सर्बियामा पशिचमी मुलुकहरूले तनाव उत्पन्न गरेको आरोप लगाएको छ । डिसेम्बर १७ मा भएको निर्वाचनमा कथित जालसाजीलाई लिएर भएको विरोध प्रदर्शनले सर्बियामा अस्थिरता उत्पन्न भएको छ।

एक दिनअघि मात्र प्रदर्शनकारीहरूले बेलग्रेड सिटी हलमा आक्रमण गर्ने प्रयास गरेका थिए। प्रदर्शनकारीहरूले संसदीय र स्थानीय निर्वाचनका परिणामहरूलाई अस्वीकार गरेका छन् । निर्वाचनमा राष्ट्रपति अलेक्जेन्डर भुकिकको पार्टीले उसले सानदार जित हासिल गरेको बताएको छ। रुसी विदेश मन्त्रालयका प्रवक्ता मारिया जखारोभाले सरकारी समाचार समिति आरआइए नोभोस्तीसँग भने, "सर्बियामा स्थितिलाई अस्थिर बनाउन पशिचमको सामूहिक प्रयास स्पष्ट छ।" क्रेमलिनले निर्वाचन परिणामहरूको स्वागत गरेको छ। प्रवक्ता दिमित्री पेसकोभले निर्वाचन परिणाबाट सर्बिया र रुसबीचको 'मित्रता थप सुदृढ हुने' मस्कोले आशा गरेको बताए । सर्बिया र रुसबीच ऐतिहासिकरूमा घनिष्ठ सम्बन्ध छ र बेलग्रेड युक्रेनमाथि भएको आक्रमणका लागि मस्कोविरुद्ध अन्तराष्ट्रिय प्रतिबन्धहरूमा सहभागी भएको छैन।

यद्यपि सर्बियाले संयुक्त राष्ट्रसङ्घमा रुसको आक्रामकताको निन्दा गरेको छ र उसको समर्थनबाट विवाद उत्पन्न भएको छ। सर्बिया करिब सम्पूर्णरूपमा रुसी ग्यासमा निर्भर छ । उसको विपक्षीहरूले संसदीय निर्वाचनका क्रममा खराब खेल भएको गुनासो गरेका छन्।

# सालारले ३ दिनमा विश्वभर कमायो ४०० करोड

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ९ पौष




प्यान इन्डियन सुपरस्टार प्रभासको फिल्म सालार ग्लोबल बक्स अफिसमा तीन दिनमै ४०० करोड क्लबमा पुगेको छ। आइतबार मात्रै फिल्मले १०४ करोड भारु कमाएको छ । सलार ३ दिनमा ४०० करोड कमाउने तेस्रो फिल्म हो। यसअघि बाहुबली-२ र ट्रिपल आरले यो रेकर्ड बनाएका थिए । शुक्रबार पहिलो दिनको कारोबारमा सालारको वर्ल्डवाइड कलेक्शन १७८ करोड ७० लाख भारु थियो। दोस्रो र तेस्रो दिनको कमाई क्रमश: ११७ करोड र १०४ करोड ३० लाख भारु रहेको छ । स्याकनिल्कका अनुसार भारतीय बक्स अफिसमा तेस्रो दिनमा फिल्मले ६१ करोड भारु कमाएको छ। यसको साथमा भारतको कुल कलेक्शन २०८ करोड पुगेको छ । आइतबार फिल्मको हिन्दी भर्जनको अक्युपेन्सी ४८ दशमलव २७ प्रतिशत थियो। उत्तर अमेरिकामा भने सलारको कमाई ५१ लाख डलर पुगेको छ। सालार यो वर्षको सबैभन्दा ठूलो ओपनिङसहितको फिल्म बनेको छ। पहिलो दिन फिल्मको कुल कमाई १७८ करोड ७ लाख भारु रहेको थियो । इन्डियन बक्स अफिसमा यसको कमाई ९० करोड ७० लाख भारु रह्यो। शाहरुख खानको फिल्म डंकीले भने चौथो दिन भारतभरमा ३१ करोड ५० लाख भारु कमाएको छ। यसको साथमा घरेलु बक्स अफिसमा फिल्मको कूल कमाई १०६ करोड ४३ लाख भारु भएको छ । डंकी सालारभन्दा एक दिनअघि डिसेम्बर २१ मा रिलिज भएको थियो। डंकीको वर्ल्डवाइड कलेक्शन भने २१५ करोड पुगेको छ । चौथो दिनमा फिल्मको वर्ल्डवाइड कलेक्शन ५७ करोड ७८ लाख भारु थियो।

# अनावश्यक बिजुली काटिएपछि व्यवसायी आक्रोसित

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ९ पौष



नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले विद्युत् प्राधिकरणले काटेको उद्योगीहरुको बिजुली लाइन पुन: जोडेर समस्याको समाधान गर्न माग गरेका छन् । सोमबार काठमाडौँमा पत्रकार सम्मेलन गर्दै उनले यस्तो बताएका हुन् । उनले ट्रंकलाइनको लागि प्रिमियम दर तोकिएको भन्दा पहिलाको बिलिङ गर्दा समस्या आएको बताए। अध्यक्ष अग्रवालले उद्योगी व्यवसायीहरुले नियमित आफ्नो बिजुलीको बिल तिर्दै आइरहेको दाबी गर्दै विवादित प्रिमियमको विषयको बिल मात्रै नतिरेको बताए । उनले अहिले आएर एकैपटक छलफल नगरी लाइन काटिदिँदा अन्तर्राष्ट्रिय रुपमा नकारात्मक सन्देश गएको र लगानीको वातावरण बिथोलिने अवस्था देखेको बताए । नेपाल सिमेन्ट उत्पादक संघका अध्यक्ष ध्रुवराज थापाले उद्योगधन्दाहरु बन्द हुँदै गइरहेको अवस्थामा सरकारले निकास दिनुपर्ने ठाउँमा हठातमा बिजुलीको तार काट्ने निर्णय गरेर उद्योग बन्द गराउने योजनामा अघि बढेको बताए ।

# कोशी प्रदेशलाई हराउँदै सबै खेल जित्ने एकमात्र टोली बन्यो एपीएफ

जलेश्वरटुडे समाचारदाता
काठमाडौं, ९ पौष



प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगिताको सोमबार खेलिएको खेलमा सशस्त्र प्रहरी बलको एपीएफ क्लबले कोशी प्रदेशलाई आठ विकेटले पराजित गरेको छ । सोमबारको नतिजापछि एपीएफ क्लब जारी प्रतियोगितामा आफूले खेलेका सबै खेल जित्ने एकमात्र टोली पनि बनेको छ । एपीएफ क्लबले जारी प्रतियोगितामा हालसम्म आफूले खेलेको सबै चारवटै खेलमा सफलता हात पारेको छ। सोमबारको खेलअघि एपीएफ क्लबसँगै कोशी प्रदेश पनि अपराजित रहेको थियो । तर, एपीएफसँग पराजित भएपछि कोशीको विजयी यात्रा टुंगियो। कोशीले तीन खेलमा जित र एक खेलमा हारको नतिजा निकालेको छ । टस जिती पहिले ब्याटिङको निर्णय लिएको कोशी प्रदेशले निर्धारित ओभरमा दुई विकेट गुमाएर ८४ रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको एपीएफ क्लबले १७.३ ओभरमा केवल दुई विकेट गुमाएर ९० रन बनाउँदै विजयलक्ष्य पार गऱ्यो । एपीएफ क्लबका लागि ओपनर ज्योति पाण्डेले २४ रनको योगदान गरिन्। उनले ३९ बलको सामना गरी दुई चौका पनि हिर्काइन्। कप्तान सीता रानामगर २२ बलमा एक छक्का र दुई चौकाको मद्दतले १८ रन बनाउँदै आउट भइन्। तेस्रो नम्बरमा क्रिज समाल्न आएकी इन्दू बर्माले अविजित ३६ रन बनाइन्। उनले केवल ३४ बलको सामना गरी दुई छक्का र दुई चौका पनि हिर्काइन् । रोमा थापा १० रनमा अविजित रहिन् । कोशी प्रदेशका बलर एलिसा खडिया र निशा शाहले एक-एक विकेट लिए ।

**जाडोको समयमा चिसोबाट बचौं**

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।





बलवा नगरपालिकाको कार्यालय, धनुषा

**कामनी व्यूटी पार्लर**

यहाँ व्यूटी पार्लर सम्बन्धी सम्पूर्ण काम गरिनुको साथै व्यूटी पार्लर,मेहँदी,डिजाइनर मेहँदी सम्बन्धी तालिम समेत दिइन्छ । यहाँ आधुनिक किसिमले दुल्हन सजाउने काम समेत गरिन्छ ।

सम्पर्क : साह मिनी मार्केटको सामुने,जलेश्वर,महोत्तरी



# खानेपानी मन्त्रीको निर्देशनमा नीतिगत भ्रष्टाचार, २४ करोडको ठेक्कामा पनि गोलमाल

**–अजय अनुरागी**

खानेपानी मन्त्रालयमा मेलम्ची आयोजनासहित विभिन्न ठेक्कापट्टामा चरम आर्थिक अनियमितता भएको पाइएको छ। खानेपानी मन्त्री महिन्द्रराय यादवको प्रत्यक्ष संलग्नतामा मेलम्ची खानेपानी आयोजनाको ठेक्का तथा भुक्तानीलगायत विषयमा नीतिगत निर्णय गरी अनियमितता भएको पाइएको हो।

२०८० पुस ३ गते खानेपानी मन्त्रालयका सचिव सुरेश आचार्यको संयोजकत्वमा बसेको मेलम्ची खानेपानी विकास समितिको बोर्ड बैठकले चिनियाँ कम्पनी सिनो हाइड्रोलाई धरौटी रकम फिर्ता गर्ने निर्णय गरेको थियो।

मेलम्ची आयोजनाअन्तर्गत सिनो हाइड्रोले सम्झौताअनुरूप काम सम्पन्न नगर्दै अनि आयोजना हस्तान्तरण नभएकै अवस्थामा विना बैंक ग्यारेन्टी धरौटीबापतको रकम निर्माण कम्पनीलाई फिर्ता गर्ने निर्णय गर्नु अस्वाभाविक रहेको मन्त्रालयका एक कर्मचारीले बताए।

'केही महिनादेखि सिनोहाइड्रो कम्पनीको धरौटी रकम फिर्ता गराउन बोर्ड बैठकबाट निर्णय गर्न भनेर यसअघिका सचिव रामआधार साहलाई पनि मन्त्रीज्यूले निरन्तर दबाब दिँदै आउनुभएको थियो,' ती कर्मचारीले लोकान्तरसँग भने, 'आयोजना सम्पन्न नहुँदै अनि आयोजना हस्तान्तरण नहुँदै धरौटी रकम फिर्ता गर्न मिल्दैन भन्ने अडान उहाँले अडान राख्नुभएको थियो। तर, अहिले नयाँ सचिव सुरेश आचार्य आएपछि विकास समितिको बोर्ड बैठकबाट धरौटी रकम फिर्ता गर्ने निर्णय हुनु अस्वाभाविक नै हो। यसलाई नीतिगत भ्रष्टाचार भन्न सकिन्छ।'

झन्डै ५ करोड धरौटी र ३ करोड रनिङ बिलसमेत गरी कुल ८ करोड रुपैयाँ भुक्तानी गर्ने निर्णय भएको ती कर्मचारीले खुलाए। मन्त्री यादवले चिनियाँ कम्पनीलाई जसरी पनि धरौटी रकम फिर्ता गर्न दबाब दिएपछि कुरा मुख्यसचिव डा. बैकुण्ठ अर्यालसम्म समेत पुगेको रहेछ।

'कुरा पुगेपछि मुख्यसचिवज्यू आफैं खानेपानी मन्त्रालयमा आउनुभएको थियो,' खानेपानी मन्त्रालयका अर्का एक कर्मचारीले लोकान्तरसँग भने, 'मन्त्री यादव, सचिव साह र मुख्यसचिव आर्यालबीच २ घण्टा जति त्यसै विषयमा छलफल हुँदा काम सम्पन्न नहुँदै धरौटी रकम फिर्ता गर्नु गैरकानूनी हुने भनेर मुख्यसचिवज्यूले राय दिनुभएको हामीले थाहा पाएका थियौं।'

धरौटी रकम फिर्ता गर्नैपर्ने हो भने सिनोहाइड्रोबाट बैंक ग्यारेन्टी लिनुपर्छ भनेर मुख्यसचिवले सुझाएको उनले खुलाए। तर, अहिले मुख्यसचिवको सुझावलाई समेत बेवास्ता गर्दै खानेपानी विकास समितिको बोर्ड बैठकबाट धरौटी रकम फिर्ता गर्ने निर्णय भएको छ।

तर, विकास समितिले जारी गरेको प्रेस विज्ञप्तिमा उक्त कुरा उल्लेख छैन।

'खानेपानी मन्त्रालयका सचिव श्री सुरेश आचार्यको अध्यक्षतामा मेलम्ची खानेपानी विकास समितिको २०८० पुस ३ गते बसेको बोर्ड बैठकबाट निर्माण व्यवसायीसँग एक समझदारीपत्रमा आजै हस्ताक्षर गरी तत्काल निर्माण व्यवसायीलाई साइटमा परिचालनका लागि आवश्यक सहजीकरण र समन्वय गर्ने निर्णय भएको छ,' विकास समितिका प्रवक्ता राजेन्द्रप्रसाद पन्तद्वारा जारी विज्ञप्तिमा उल्लेख छ।

विज्ञप्तिमा अगाडि भनिएको छ, 'निर्माण व्यवसायी सिनोहाइड्रोमार्फत नै तत्काल कार्य सुचारु गर्ने र मेलम्ची नदीको पानी पथान्तरण गर्ने सहमति भएको छ। सहमतिअनुसार निर्माण व्यवसायी सिनोहाइड्रो तत्कालै साइटमा परिचालन हुनेछ र आकस्मिक परिस्थिति पर्न आएबाहेक बढीमा २८ दिनको द्रुत कार्यतालिकाअनुसार २ सिफ्टमा जनशक्ति परिचालन गरी पानी पथान्तरणका लागि आवश्यक कार्यहरू सम्पन्न गरिने छ। पथान्तरणपश्चात मेलम्ची नदीको पानी दैनिक १७ करोड लिटरका दरले उपलब्ध गराइने छ र सुन्दरीजल पानी प्रशोधन केन्द्रमा प्रशोधन गरी काठमाडौं उपत्यकामा वितरणका लागि पुनः उपलब्ध हुने व्यहोरा उपत्यकाबासीलाई जानकारी गराइन्छ,' विज्ञप्तिमा उल्लेख छ। समितिका कार्यकारी निर्देशक जैकी अहमद अन्सारी भने धरौटीबापतको झन्डै ३ करोड रुपैयाँ र बाँकी रनिङ बिल भुक्तानी गर्ने निर्णय भएको स्वीकार गर्छन्। हेड वर्कस र सुरुङलगायतको कामको ठेक्का पाएको सिनोहाइड्रोको मूल ठेक्का रकमबारे भने उनले केही खुलाएनन्। 'कुल ठेक्का रकम कति थियो र कति भुक्तानी भइसक्यो भन्ने विषयमा अफिस बाहिर रहेकाले अहिले नै भन्न सकिन्न,' अन्सारीले लोकान्तरसँग भने, 'सिनोहाइड्रोको काम लगभग सकिसकेकै हो। मेलम्चीमा आएको बाढीले थुप्रिएका सामग्री हटाउन २८ दिने कार्ययोजना बनाएर धरौटी रकम फिर्ता गरिएको हो।'

२४ करोडको विवादास्पद ठेक्कालाई वैधता दिन ईडीलाई विभागीय अधिकार दिने निर्णय पुस ३ गते सचिव आचार्यको अध्यक्षतामा बसेको बैठकबाट मेलम्ची खानेपानी विकास समितिको कार्यकारी निर्देशक (ईडी)लाई खरिदसम्बन्धी कार्य गर्न पाउने विभागीय प्रमुखसरहको अधिकार प्रदान गर्ने निर्णय गरिएको छ। '२०७९ साउन १ गतेदेखि २०८० असार ४ गतेसम्म आर्थिक वर्ष २०७९/०८० को बजेट वक्तव्यमार्फत मेलम्ची खानेपानी विकास समिति विघटन रहेको अवस्थामा समितिमा निहीत रहेका अधिकारहरूमध्ये सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम विभागीय प्रमुखको हैसियतमा कार्यकारी निर्देशकबाट भए गरेका कार्यहरू अनुमोदन गर्ने निर्णय गरियो,' बोर्ड बैठकको निर्णयमा उल्लेख छ। 'कार्यकारी निर्देशकलाई विभागीय अधिकार प्रदान गर्ने अधिकार मन्त्रिपरिषद्मा समेत नभएको अवस्थामा सचिव आचार्यले बोर्ड बैठकबाट निर्णय गर्नु अख्तियारको दुरुपयोग हो,' मेलम्ची खानेपानी विकास समिति स्रोतले भन्यो। निजामती सेवा नियमावलीले त्यसो गर्न हुँदैन भनेर स्पष्ट पारेको उनको कथन छ। यसअघि पनि मन्त्री यादवले उक्त निर्णय गराउन सचिव साहलाई दबाब दिँदै आएका थिए। 'ईडीलाई विभागीय प्रमुखको अधिकार प्रदान गर्ने निर्णय गरिदिन मन्त्रीज्यूले सचिवज्यूलाई दबाब दिनुभएको थियो,' खानेपानी मन्त्रालयका एक कर्मचारीले लोकान्तरसँग भने, 'त्यो अधिकार दिन सकिन्छ वा सकिँदैन भन्ने कुराको राय पहिले कानून मन्त्रालयसँग मागौं। त्यहाँबाट प्राप्त हुने रायका आधारमा बोर्ड बैठकबाट निर्णय गरौंला भनेर सचिवज्यूले मन्त्रीज्यूको दबाबलाई टार्नु भएको थियो।'

## विभागीय अधिकार प्रदान गर्नु भित्रको रहस्य

२०७९ जेठ १५ गते अर्थमन्त्री जनार्दन शर्माले प्रतिनिधि सभामा बजेट भाषण गर्दा मेलम्ची खानेपानी विकास समिति खारेजीको घोषणा गरेका थिए। समितिको काम खानेपानी तथा ढल व्यवस्थापन विभागले गर्ने शर्माले उल्लेख गरेका थिए। समिति खारेजीको घोषणा हुनुभन्दा ३ दिनअघि जेठ १२ गते मेलम्ची खानेपानी आयोजनामा अन्तर्राष्ट्रिय परामर्शदाताका लागि सूचना प्रकाशित गरिएको थियो। २४ करोड रुपैयाँ लागत अनुमान रहेको परामर्शका लागि समितिका तत्कालीन कार्यकारी निर्देशक 'ईडी' कमलराज श्रेष्ठले सूचना प्रकाशन गरेका थिए। श्रेष्ठ अहिले खानेपानी तथा ढल व्यवस्थापन विभागका महानिर्देशक 'डीजी' हुन्। बजेटबाट नै विकास समिति खारेज भइसकेको अवस्थामा सूचना रद्द गर्नुपर्नेमा त्यसो नगरी ठेक्का प्रक्रिया अगाडि बढाइएको थियो। 'एक त विकास समिति खारेज भइसकेको र सम्पूर्ण अधिकार खानेपानी तथा ढल व्यवस्थापन विभागलाई प्रदान गरिएको अवस्था थियो,' विभागका एक कर्मचारीले लोकान्तरसँग भने, 'अर्कातर्फ खारेज भएको समितिको ईडीले त्यसो नगरी ठेक्का प्रक्रिया अगाडि बढाउनुभएको थियो।'ईडी पनि सहसचिव नै हुन्, खानेपानी तथा ढल व्यवस्थापन विभागका डीजी पनि सहसचिव नै हुन्छन्। तर, ईडीले ५ करोड रुपैयाँसम्मको ठेक्काको मात्र निर्णय गर्ने आर्थिक अधिकार पाएको हुन्छ भने डीजीले त्योभन्दा बढी रकमको आर्थिक निर्णय पनि गर्न पाउँछ। 'एक त ठेक्का खारेज गरिएन, अर्को कुरा ईआरएमसीलाई मात्र ठेक्का पर्नेगरी स्पेसिफिकेसन बनाइएको थियो,' विभागका ती कर्मचारीले भने, '२४ करोडको लागत अनुमान रहेको त्यो ठेक्कामा ईआरएमसीसहित अन्य कम्पनीहरूको संयुक्त जेभीको एउटा मात्र बोलपत्रदाताले बोलपत्र भरेका थिए।' त्यसमा पनि ३१ करोडको ओभरबिडिङ गरिएको थियो। 'सामान्यतया कुनै पनि बोलपत्रदाताले लागत अनुमानभन्दा २५ देखि ५० प्रतिशतसम्म लो बिड गर्नेगर्छ। तर, यसमा फूल रेटमा पाउन नेगोसिएसन गर्न सकियोस् भन्ने उद्देश्यले नै २४ करोड लागत अनुमान रहेको ठेक्कामा परामर्शदाताले ७ करोड बढेर ३१ करोड रुपैयाँ प्रस्ताव गरेको थियो।' त्यसपछि तत्कालीन ईडी श्रेष्ठले विभिन्न चरणमा नेगोसिएसन गरेर २०७९ माघ १८ गते अनुमानित लागत २४ करोडमा १ रुपैयाँ घटाएर ईआरएमसीसहित जेभी रहेको परामर्शदातासँग सम्झौता गरेका थिए। समितिका कार्यकारी निर्देशक अन्सारीका अनुसार १८ महिनाको म्यादसहित सम्झौता भएको उक्त ठेक्कामा झन्डै ६ महिनाजतिको कामको भुक्तानी भइसकेको छ। यति नै रकम भुक्तानी भएको हो भनेर अहिले यकिनसाथ भन्न नसकिने उनले बताए। २०७९ चैत २७ गते मन्त्रिपरिषदको बैठकबाट बजेट वक्तव्यमा खारेज गरिसकिएको मेलम्ची विकास समिति गठन आदेशबाट पुनर्गठित गरिएको थियो। 'समिति पुनर्गठित हुनुअगावै गरिएको उक्त ठेक्कालाई वैधता प्रदान गर्न, ठेकेदारलाई दिइएको मोबिलाइजेसन खर्चसहितलाई वैधता दिलाउनका लागि मन्त्री यादवको दबाबमा अहिलेका सचिव आचार्यले बोर्ड बैठकबाट निर्णय गरेका हुन्,' मन्त्रालयका एक कर्मचारीले लोकान्तरसँग भने, 'मन्त्रीज्यूले पटक-पटक यसअघिका सचिव साहलाई पनि उक्त निर्णय गर्न दबाब दिनुभएको थियो। तर, उहाँले ठेक्का नै विवादास्पद देखिएको हुनाले त्यसको छानबिन वा अध्ययन गर्नुपर्ने भनेर टार्दै आउनुभएको थियो।'ठेकेदारप्रति मन्त्रीको अस्वाभाविक चासो, ठेकेदारलाई गैरकानूनी भुक्तानी गर्न मन्त्रीले दिएको निरन्तर दबाबका कारण बाध्य भई सचिव साहले मुख्यसचिवसँग हार गुहार मागेर सरुवा मिलाइ राष्ट्रिय सतर्कता केन्द्रमा पुगेको ती कर्मचारीले खुलाए। मंसिर २८ गते मन्त्रिपरिषदको बैठकबाट खानेपानी सचिव साहलाई राष्ट्रिय सतर्कता केन्द्रमा र केन्द्रका सचिव आचार्यलाई खानेपानी मन्त्रालयमा सरुवा गरिएको थियो। यस विषयमा बुझ्न खोज्दा सचिव साहले प्रतिक्रिया दिन चाहेनन्। साभार : लोकान्तर




जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोर दोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिँड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।








जलेश्वर नगरपालिकाको कार्यालय,महोत्तरी

जाडोबाट बच्न निम्न उपायहरु अबलम्बन गरौ

- ➢ तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- ➢ न्यानो कपडा लगाऔं,
- ➢ घाम वा आगो तापौं,
- ➢ तेल मालिस गरौं,
- ➢ शारिरीक व्यायाम गरौं,
- ➢ बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ➢ ताजा र पौष्टिक खानेकुरा खाऔं,
- ➢ जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
- ➢ स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मी सँग परामर्श लिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday